"विविधतायुक्त गाउँ-शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ,
## गण्डकी प्रदेश, नेपाल
## २०७३

# प्रेस विज्ञप्ति

मिति: २०८०।१०।२२

आज मिति २०८० माघ २२ गते सोमवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा उपप्रमुख, निमित्त प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु र कार्यपालिका सदस्यहरु उपस्थिति भई गरिएका मुख्यमुख्य निर्णयहरु सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. २०८०।१०।८ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

२. आगामी चैत्र ३० गते व्यास नगरपालिकाको ३२ औं स्थापना दिवसका अवसरमा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको शाखा/उपशाखागत, वडास्तरीय र नगरस्तरीय प्रगति विवरणहरु संलग्न गराई **"व्यास नगर दर्पण २०८०"** प्रकाशन गर्न नगरपालिकाका प्रवक्ता एवं वडाध्यक्ष श्री जीवन गुरुङको अध्यक्षतामा ७ (सात) सदस्यीय प्रकाशन समिति गठन गर्ने निर्णय गरियो ।

३. नगरपालिकाको स्थापना दिवसको अवसरमा उत्कृष्ट टोल विकास संस्था, कृषि तथा पशुपंक्षी व्यवसायी, करदाता, उपभोक्ता समिति, शिक्षक, कर्मचारी, प्रतिभावान विद्यार्थीहरुलाई पुरस्कृत गर्न उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

४. व्यास नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ मा प्रस्तावित योजनाहरुको सम्पादित कार्यढाँचाको समीक्षा गरी आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा योजना तर्जुमा सम्बन्धी मापदण्ड तयार गरी एक महिनाभित्र कार्यपालिका समक्ष पेश गर्न उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा सात सदस्यीय मापदण्ड प्रस्ताव समिति गठन गर्ने निर्णय गरियो ।

५. व्यास नगरपालिका भित्रका संघीय कार्यक्रम अन्तर्गत योजना आयोग मार्फत रहेका चालु क्रमागत योजनाहरु करङ्गकाठ बसपार्क बुल्दी खोला मोटरेवल पुल, देवीडाँडा खानेपानी योजना, साँधखोला कमेरेपानी खानेपानी योजना, मानुङ्ग खानेपानी योजना, गजौडी खानेपानी मुल केशवटार, खड्गकाली मार्ग निर्माण योजना सम्पन्नताका लागि योजना आयोग मार्फत थप रकम माग गर्ने र बुल्दी खोला घाँसीकुवा मोटरेवल पुल (व्यास १-११) समेतलाई समपुरक योजनामा समावेश गर्न माग गर्ने निर्णय गरियो ।

६. व्यास नगरपालिका भित्रका पक्की सडकहरुमा खानेपानी, टेलिकम्युनिकेशनका कामका लागि अनुमति नलिई कालोपत्रे सडक काट्ने र मर्मत नगरी छाड्ने गरेको पाइएकोले मर्मत गर्ने प्रतिवद्धता सहित नगरपालिकाको स्वीकृति लिएर आवश्यक स्थानमा मात्र कालोपत्रे सडक काट्न सम्बन्धित संघसंस्था एवं निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

७. पृथ्वी राजमार्ग विस्तार योजनामा नगरपालिकाबाट पटक पटक सडक क्षेत्रका घर हटाउन अनुरोध गरिएकोमा हालसम्म प्रगति नदेखिएकोले राजमार्गमा पर्ने डुम्रे, छिर्कन लगायतका क्षेत्रमा घर भत्काई सडक विस्तार भइरहेको अवस्थालाई मनन गरी राष्ट्रिय प्राथमिकता प्राप्त बाटो विस्तारमा सडक क्षेत्रका घर हटाई सहयोग पुऱ्याउन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

२२।१०।८०

..........................
(जीवन गुरुङ)
प्रवक्ता एवं वडाध्यक्ष, व्यास ६


Phone: 065-563162/563163, Fax:977-65-563233, Email: vyasmunicipality@gmail.com, Web: www.vyasmun.gov.np